चौरजहारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चौरजहारी, रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

# सार्वजनिक यातायात तथा बजार व्यवस्थापन सम्बन्धी आचारसंहिता तथा शर्तहरु

२०७७

**पृष्ठभूमी** : स्वस्थ प्रतिस्पर्धा मार्फत व्यवसायिक अनुशासन कायम गरी कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना, कर छलि, अस्वभाविक मूल्य वृद्धिजस्ता विकृति र विसङ्गतिहरुको अन्त्य गर्दै उपभोक्ता हक, हित र अधिकार संरक्षण गर्न एवम् सार्वजनिक सवारी तथा यातायातलाई भरपर्दो, विश्वसनिय र सुरक्षित तुल्याउन नगरपालिका, सुरक्षा निकाय, यातायात व्यवसायि एवम् ब्यापारी तथा व्यवसायिहरुले कानून बमोजिम पालना गर्नुपर्ने आचारसंहिता तथा शर्तहरु तयार गरी लागू गर्न वाञ्छनिय भएकोले सार्वजनिक यातायात तथा बजार व्यवस्थापन सम्बन्धी आचारसंहिता तथा शर्तहरु, २०७७ निर्माण गरी लागू गरिएको छ ।

## खण्ड (क)

## बजार व्यवस्थापन सम्बन्धी आचारसंहिता तथा शर्तहरु

### *(क) <u>सबै किसिमका व्यवसायि/व्यापारीहरुले पालना गर्नुपर्ने आचारसंहिता तथा शर्तहरु</u>*

१. नगरपालिका तथा प्रचलित कानूनमा तोकिए बमोजिमको निकायमा नियमानुसार व्यवसाय दर्ता गरेरमात्र व्यवसाय गर्ने । प्रत्येक आर्थिक वर्षको लागि तोकिएको वार्षिक कर सम्बन्धित कार्यालयमा गई उक्त आर्थिक वर्षको ३५ दिनभित्र बुझाई प्रमाणपत्र नविकरण गर्ने । नगरपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यवसायीको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नविकरण गर्न सकिने ।

२. व्यवसाय गरी आएको स्थान परिवर्तन गर्नु परेमा नगरपालिकाबाट पूर्व स्वीकृति लिने । व्यवसाय बन्द गर्नु परेमा करदाताले नगरपालिकाबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिने । अन्यथा व्यवसाय चालु नै रहेको मानी सालबसाली रुपमा कर लाग्ने ।

३. व्यवसाय दर्ता प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राख्ने र नगरपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउने ।

४. कुनै पनि किसिमको व्यवसायिक गतिविधिमा बाल श्रमिकहरु प्रयोग नगर्ने । यदि सो गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गरिने ।

५. व्यवसायबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुने । फोहोरमैलाको उचित व्यवस्थापन नभएमा **'Polluters Pay Principle'** अनुसार दण्डित हुने ।

६. व्यवसाय सञ्चालनको सिलसिलामा नगरपालिकाबाट एवम् सम्बन्धित अन्य निकायबाट समय समयमा दिने निर्देशनको पालना गर्नु करदाताको कर्तव्य हुनेछ ।

७. आचारसंहिता तथा शर्तनामाहरु पालना नगरेमा नगरपालिकाले जुनसुकै बखतमा व्यवसाय दर्ता प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द समेत गर्ने ।

८. व्यवसाय दर्ता प्रमाणपत्र कर प्रयोजनको लागि जारी गरिएको हुन्छ । कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो लिएर मात्र सञ्चालन गर्ने ।

९. बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानुन बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण–पत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाण–पत्र, खाद्य अनुज्ञा–पत्र, औषधी पसल दर्ता प्रमाण–पत्र लगायतका आवश्यक कागजातहरुका साथै प्रमाणपत्र नियमित रुपमा नविकरण गरी बजार अनुगमन टोलीले मागेको बखत अनिवार्य रुपमा देखाउने ।

१०. बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड र वस्तुको बिक्री कक्षमा मूल्य सूची सबैले देख्ने गरी राख्ने ।

११. माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक छ/छैन र प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको हेरेरमात्र बिक्रि वितरण गर्ने,

१२. औषधि वा औषधियुक्त पदार्थ भए सो को प्याकिङ्ग प्रयोग गर्ने तरिका उल्लेख छ/छैन हेर्ने । औषधीविज्ञ (फार्मासिष्ट) औषधी बिक्री स्थलमा अनिवार्य रुपमा भएको एवं औषधि विक्रेता प्रमाणपत्र समेत रहेको सुनिश्चितता गर्ने ।

१३. उपभोग्य मिति नाघेको औषधी, प्रशोधित पानी, विस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू उपभोक्तालाई बिक्री वितरण नगर्ने ।

१४. उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको पाईएमा त्यस्तो कार्य गैरकानूनी भएकोले त्यस्ता हर्कत नगर्ने तथा नगराउने ।

१५. माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटल बधशाला वा माछा मासु बिक्री स्थल सफासुग्घर र मापदण्ड अनुसार बनाउने ।

१६. विक्रेता वा क्रेतालाई वस्तुको विलविजक जारी गर्ने ।

१७. नगरपालिकाले व्यवसायको प्रकृति अनुसार तोकेको क्षेत्रमामात्र व्यवसाय सञ्चालन गर्ने ।

१८. कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलेमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप नगर्ने तथा नगराउने । भएको पाईएमा नगरपालिका तथा सुरक्षा निकायलाई अनिवार्य जानकारी गराउने ।

१९. वहालमा बस्ने व्यवसायिहरुले अनिवार्य रुपमा सम्बन्धित घरधनी जग्गाधनीसँग वहाल सम्झौता गर्ने र वहाल कर तिर्ने ।

२०. व्यवसाय सञ्चालन सम्बन्धमा भएका कानून तथा मापदण्डहरुको अनिवार्य पालना गर्ने ।

**(ख)** <u>मदिरा तथा सूर्तिजन्य पदार्थको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी गर्ने व्यवसायिहरुले पालना गर्नुपर्ने आचारसंहिता र शर्तहरु</u>

१. प्रचलित कानून बमोजिमको निकायबाट इजाजतपत्र लिएरमात्र व्यवसाय सञ्चालन गर्ने । इजाजतपत्र प्रत्येक आर्थिक वर्षको असार महिनाभित्र नवीकरण गराईसक्ने।

२. इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्ने ।

३. डिपार्टमेण्टल स्टोर तथा अन्य मदिरा बिक्रीवितरण गर्न इजाजत प्राप्त व्यक्तिले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै विक्री कक्षको व्यवस्था गर्ने ।

४. प्रत्येक वोतलमा विर्को र बोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी निकासी गर्ने ।

५. **साँझ ५:०० बजेदेखि साँझ ७:०० बजेसम्म (सार्वजनिक विदाको दिन अपरान्ह ४:०० बजेदेखि साँझ ८:०० बजेसम्म)** मात्र मदिरा बिक्री वितरण र सेवन गर्ने व्यवस्था मिलाउने ।

६. एक्काईस वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न नपाईने व्यवस्थालाई कडाईपूर्वक कार्यान्वयन गर्ने ।

७. मदिरा खरिद बिक्री गरेको विजक राख्ने ।

८. इजाजतपत्रवालाले प्रत्येक वोतलमा अन्तःशुल्क टिकट टाँसेको मदिरा मात्र बिक्री गर्ने । अन्तःशुल्क टिकट नरहेको सामान खरीद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरीवाना हुनेछ । यो व्यवस्थाको कार्यान्वयन गर्ने ।

९. अन्तःशुल्क ऐन, २०५८ तथा मदिरा ऐन, २०३१ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लेखित प्रावधानहरूको पालना गर्ने ।

१०. नगरपालिकाभित्र कुनै पनि मदिरा आयात गर्दा नगरपालिकाले तोकेको स्थानमा कानून बमोजिमको स्वास्थ्य सेवा शुल्क वापतको रकम दाखिला गर्ने ।

११. नगरपालिकाभित्र कुनै पनि व्यक्तिले **साँझ ५:०० बजेदेखि साँझ ७:००** बजेसम्म (सार्वजनिक विदाको दिन अपरान्ह ४:०० बजेदेखि साँझ ८:०० बजेसम्म) मात्र नगरपालिकाले तोकेको स्थान र परिमाणमामात्र मदिरा सेवन गर्न पाउने कानूनी व्यवस्थाको कार्यान्वयन गर्ने ।

१२. नगरपालिकाले मदिरा राख्न पाउने गरी वर्गीकरण गरेका होटेलहरुमा मात्र मदिरा राख्न तथा बिक्री गर्न पाईने कानूनी व्यवस्थाको अक्षरस पालना गर्ने ।

१३. नगरपालिकाले सार्वजनिक सूचना आह्वान गरी मदिरा सेवन गर्ने एवम् बिक्री वितरण गर्ने स्थान तोक्नेछ र सोही स्थानबाट मात्र मदिराको बिक्री वितरण गर्न तथा तोकिएको समयावधिभित्र सेवन गर्नु पर्नेछ । यो व्यवस्थालाई कार्यान्वयन गर्ने ।

१४. सार्वजनिक स्थल, नगरपालिका कार्यालय, वडा कार्यालय, अस्पताल, स्वास्थ्य चौकी, विद्यालयजस्ता सरकारी कार्यालय रहेको स्थलको वरीपरी ५०० मिटरभित्रको क्षेत्रमा कुनै पनि किसिमको मदिराजन्य पदार्थ उत्पादन, बिक्री वितरण र सेवन गर्न पाईने छैन् । कोही कसैले सार्वजनिक स्थलको ५०० मिटर वरीपरीको क्षेत्रमा मदिराजन्य पदार्थ उत्पादन, बिक्री वितरण, सेवन लगायतका कार्यहरु गरेमा **पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म** जरिवाना गरिनेछ । यो व्यवस्थाको अनुसरण गर्ने ।

१५. सार्वजनिक स्थल, नगरपालिका कार्यालय, वडा कार्यालय, अस्पताल, स्वास्थ्य चौकी, विद्यालयजस्ता सरकारी कार्यालय रहेको स्थलको वरीपरी २०० मिटरभित्रको क्षेत्रमा कुनै पनि किसिमको सूर्तिजन्य पदार्थ उत्पादन, बिक्री वितरण र सेवन गर्न पाईने छैन् । कोही कसैले सार्वजनिक स्थलको २०० मिटर वरीपरीको क्षेत्रमा सूर्तिजन्य पदार्थ उत्पादन, बिक्री वितरण, सेवन लगायतका कार्यहरु गरेमा **पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म** जरिवाना गरिनेछ । यो व्यवस्थाको अनुसरण गर्ने ।

१६. मदिरा बिक्री वितरण गर्ने व्यक्तिले मदिरा किन्ने व्यक्तिहरुको तीनपुस्ते विवरण बनाई दैनिक रुपमा सार्वजनिक गर्ने । नगरपालिकाबाट खटाईएको टोलीले उक्त विवरण हेर्न खोजेमा अनिवार्य रुपमा उपलब्ध गराउने ।

१७. इजाजतपत्र प्राप्त व्यक्ति बाहेक अन्य व्यक्तिहरुले मदिरा उत्पादन, बिक्री वितरण गरेको पाईएमा वा मापदण्ड विपरितका पसल, होटेल, नास्ता पसलहरुमा मदिरा बिक्री वितरण

गरेको पाईएमा वा लाइसेन्स लिएर मदिराजन्य पदार्थ उत्पादन, बिक्री वितरण गर्ने व्यक्तिहरुले मदिरा किन्ने व्यक्तिहरुको तीनपुस्ते विवरण नराखेमा वा शर्तहरुको पालना नगरेमा **पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म** जरिवाना गरिनेछ । यो व्यवस्थालाई पालना गर्ने ।

१८. मदिरा उत्पादन, बिक्री वितरण, निकासी पैठारी सम्बन्धी प्रचलित कानूनहरुको पूर्ण परिपालना गर्ने ।

*(ग) सुरक्षा निकाय (नगर प्रहरी, नेपाल प्रहरी लगायत) ले पालना गर्नुपर्ने आचारसंहिता तथा शर्तहरु*

१. माथि खण्ड (क) र (ख) मा उल्लेखित व्यवसायि तथा व्यापारीहरुले पालना गर्नुपर्ने आचारसंहिता एवम् शर्तहरुको कडाईपूर्वक कार्यान्वयन गर्ने तथा गराउने । आचारसंहिता र शर्तहरु कार्यान्वयन नगर्ने तथा नगराउनेलाई कानून बमोजिम दण्डित गर्ने ।

२. सार्वजनिक शान्ति, सुव्यवस्था र अमनचयनको सुनिश्चितता गरी भयरहित वातावरणमा व्यापार व्यवसाय गर्न पाउने नागरिकको स्वतन्त्रतालाई व्यवहारमा कार्यान्वयन गर्ने तथा गराउने । उच्छृङ्खल, अमर्यादित एवम् अनुशासनहिन कार्य गर्ने व्यक्तिहरुको पहिचान गरी तत्काल कानून बमोजिमको कारवाही गर्ने ।

३. मदिरा सम्बन्धि कानून तथा निर्देशिका विपरीत काम गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कैद र **एक लाख रुपैयाँसम्म** जरिबाना हुने व्यवस्थालाई कडाईपूर्वक कार्यान्वयन गर्ने ।

४. मदिरासम्बन्धी प्रचलित कानून विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कैद र **पचास हजार रुपैयाँसम्म** जरिवाना हुने व्यवस्थालाई कार्यान्वयन गर्ने ।

५. नगरपालिकाभित्र जुनसुकै स्थानमा मदिरा सेवन गरी होहल्ला गरेमा, परिवारका सदस्यहरुलाई दुःख दिएमा, तोकिएको अवधिभित्र वाहेक अन्य अवधिमा मदिरा सेवन गरेमा, मदिरा सेवन गरी सार्वजनिक स्थलमा प्रवेश गरेमा वा सार्वजनिक सुव्यवस्थामा खलल पुग्ने कार्य गरेमा देहाय बमोजिम सजाय गर्ने :-

(क) सार्वजनिक पदधारण गरेको व्यक्ति बाहेकका सर्वसाधारण व्यक्ति भएमा पहिलोचोटी **रु ३ हजार, दोस्रोचोटी रु ४ हजार, तेस्रो चोटी भएमा रु ५ हजार र सोभन्दा बढि पटक दोहोर्याएमा रु १० हजारसम्म** जरिवाना गर्ने ।

(ख) सार्वजनिक पदधारण गरेको व्यक्ति भएमा पहिलोचोटी रु ६ हजार, दोस्रोचोटी रु ८ हजार, तेस्रो चोटी भएमा रु १० हजार र सोभन्दा बढि पटक दोहोर्याएमा रु २० हजारसम्म जरिवाना गर्ने ।

(ग) सर्वसाधारण वा सार्वजनिक पदधारण गरेको व्यक्ति मदिरा सेवन गरी सार्वजनिक स्थलमा प्रवेश गरेमा पहिलोचोटी रु ४ हजार, दोस्रोचोटी रु ५ हजार, तेस्रो चोटी भएमा रु ६ हजार र सोभन्दा बढि पटक दोहोर्याएमा रु १० हजारसम्म जरिवाना गर्ने ।

(घ) कुनै व्यक्ति माथि उल्लेखित जरिवाना वापतको रकम तिर्न सक्ने हैसियतमा नभएमा नगरपालिका वा नगरपालिकाले तोकेको निकायले जरिवाना वापतको रकम बराबर श्रम गराउने ।

(ङ) पटकपटक मदिरा सेवन गर्ने व्यक्तिलाई नेपाल प्रहरी वा नगर प्रहरीले निजको व्यवहार परिवर्तनको लागि तारेकमा बोलाउने ।

६. बजार क्षेत्रमा नियमित गस्ती गर्ने एवम् पटके तथा घुमन्ते व्यापारीहरुको नियमन र निगरानी गर्ने ।

७. नगरपालिका, सुरक्षा निकाय र सरोकारवाला अन्य निकाय सम्मिलित बजार अनुगमन टोलीको काम कारवाहीलाई व्यवस्थित, मर्यादित एवम् परिणाममुखी तुल्याउने ।

८. बजार व्यवस्थापन गर्ने, उपभोक्ताहरुको हित संरक्षण गर्न उपभोक्ता शिक्षा तथा जागरण अभियान सञ्चालन गर्ने, एकाधिकार, कालोबजारी, कृत्रिम अभाव सिर्जना, कार्टेलिङ्जस्ता व्यवसायिक प्रतिष्पर्धालाई सिमित पार्ने क्रियाकलाप एवम् चोरी डकैतिजस्ता विकृति र विसङ्गतिहरुलाई निर्मूल पार्न सशक्त अभियान सञ्चालन गर्ने ।

९. व्यवसायिक हक, हित र अधिकारको संरक्षण एवम् प्रवर्द्धन गर्ने । व्यापारिक मेला तथा प्रदर्शनिहरुमा सूरक्षा प्रवन्ध गर्ने ।

१०. व्यापार/व्यवसाय एवम् उपभोक्ता हित संरक्षण सम्बन्धि प्रचलित कानूनहरुको कडाईपूर्वक कार्यान्वयन गर्ने तथा गराउने ।

### *(घ) नगरपालिकाले पालना गर्नुपर्ने आचारसंहिता एवम् शर्तहरु*

१. माथि खण्ड (क) र (ख) मा उल्लेखित व्यवसायि तथा व्यापारीहरुले पालना गर्नुपर्ने आचारसंहिता एवम् शर्तहरुको कडाईपूर्वक कार्यान्वयन गर्ने तथा गराउने । आचारसंहिता

र शर्तहरु कार्यान्वयन नगर्ने तथा नगराउनेलाई कानून बमोजिम दण्डित गर्ने तथा गराउने ।

२. स्थानीय प्रशासनको सहयोगमा सार्वजनिक शान्ति, सुव्यवस्था र अमनचयनको सुनिश्चितता गरी भयरहित वातावरणमा व्यापार/व्यवसाय गर्न पाउने नागरिकको स्वतन्त्रतालाई व्यवहारमा कार्यान्वयन गर्ने तथा गराउने । उच्छ्रृङ्खल, अमर्यादित एवम् अनुशासनहिन कार्य गर्ने व्यक्तिहरुको पहिचान गरी तत्काल कानून बमोजिमको कारवाही गर्ने एवम् स्थानीय प्रशासनमा सिफारिस गर्ने ।

३. नगर कार्यपालिकाबाट स्वीकृत लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको नियन्त्रण सम्बन्धी **निर्देशिका,** २०७७ एवम् उपभोक्ता हित संरक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनहरुको कडाईपूर्वक कार्यान्वयन गर्ने तथा गराउने ।

४. वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप (**Unfair Trade Practices**), कानूनद्धारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप (**Restrictive Trade Practices**) र एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप (**Monopolistic Trade Practices**) भए/नभएको विषयमा अनुगमन गरी भएको पाईएमा कानून बमोजिम कारवाही गर्ने तथा गराउने ।

५. नियमित रुपमा बजार अनुगमन गरी उपभोग्य वस्तुको मूल्य, परिमाण, गुणस्तर सुनिश्चितता गरी उपभोक्ताको गुणस्तरिय वस्तु तथा सेवा उपभोग गर्न पाउने अधिकार प्रत्याभूत गर्ने तथा गराउने ।

६. कानून बमोजिम व्यापार/व्यवसाय नगर्ने, मदिराजन्य एवम् सुर्तिजन्य पदार्थको जथाभावि विक्री वितरण र सेवन गर्ने, आचारसंहिता एवम् शर्तहरुको पालना नगर्ने र उपभोक्ताको स्वास्थ्यमा खेलवाट गर्ने व्यापारी तथा व्यवसायिहरुलाई नियमन गरी कानूनको दायरामा ल्याउने ।

७. व्यापारी तथा व्यवसायिहरुलाई सहज र सरल ढङ्गले मालवस्तुको ढुवानी गर्ने वातावरण सिर्जना गर्न नगरपालिकाभित्रका सडकहरुको नियमित मर्मतसंभार एवम् स्तरोन्नति गर्ने तथा गराउने ।

८. नगरपालिकाभित्रका व्यवसायहरुको वर्गीकरण गरी ती व्यवसायहरु गर्न उपयुक्त क्षेत्र तोक्ने ।

९. तोकिएको शर्त एवम् मापदण्डहरु पालना गरी इजाजतपत्र लिएर तोकिएको स्थानमा सञ्चालित मदिराजन्य व्यवसायहरुको नियमित अनुगमन नियमन गर्ने एवम् सो स्थानमा

जड्याहहरुको व्यवहार र मदिरा सेवनको अवस्था नियमन गर्न स्थानीय प्रशासनसँगको सहयोग र समन्वयमा नगर प्रहरी खटाई नियमित गस्ति गर्ने व्यवस्था मिलाउने ।

१०. उपभोक्ता हित संरक्षण समिति, स्थानीय उद्योग वाणिज्य संघ, विषयगत/क्षेत्रगत बजार व्यवस्थापन समिति एवम् स्थानीय प्रशासनसँगको राय परामर्शमा बजार व्यवस्थापन एवम् उपभोक्ता हित संरक्षणसँग सम्बन्धित नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थाहरुको कार्यान्वयन गर्ने र उल्लेखित व्यवस्थाहरु परिमार्जन गर्नुपर्ने अवस्थामा नगर कार्यपालिका समक्ष पेश गरी संशोधन गर्ने ।

११. स्थानीय प्रशासनको सहयोगमा प्रचलित कानूनले निषेध गरेका व्यापार, व्यवसाय एवम् व्यापारिक क्रियाकलापहरुमा पूर्ण रुपमा प्रतिवन्ध लगाउने ।

१२. नगरपालिकाभित्र सञ्चालित होटेल व्यवसायहरुको वर्गीकरण गरी स्तर तथा मापदण्ड तोक्ने ।

१३. इजाजतपत्र लिई नगरपालिकाले तोकेको शर्त र मापदण्ड पूरा गरी तोकिएको स्थानमा यसअघि सञ्चालित मदिरा व्यवसायिले मदिरा व्यवसाय स्थगन गरी इजाजतपत्र रद्द गर्न चाहेमा नगर कार्यपालिकाको निर्णयानुसार रु ५० हजारसम्म इनाम उपलब्ध गराउन सकिने ।

१४. नगरपालिका, सुरक्षा निकाय, व्यापारी/व्यवसायिहरुको संयुक्त भेलाबाट छनौट गरिएको देहाय बमोजिमको सार्वजनिक यातायात तथा बजार व्यवस्थापन समितिको गठन गर्ने :-

(क) व्यापारी/व्यवसायिकहरुमध्येबाट नगरपालिका, स्थानीय प्रशासन, उपभोक्ता हित संरक्षण समितिका अध्यक्षसमेतले सिफारिस गरेको चरित्रवान, नैतिकवान एवम् व्यापार व्यवसायको क्षेत्रमा लामो समय काम गरी ख्याति प्राप्त व्यक्ति १ जना - अध्यक्ष

(ख) उपभोक्ता हित संरक्षण समितिमध्येबाट उपभोक्ता हित संरक्षण समितिको अध्यक्षले तोकेको १ जना - सदस्य

(ग) सुरक्षा निकाय प्रमुख वा प्रतिनिधि १ जना - सदस्य

(घ) स्थानीय उद्योग वाणिज्य संघ प्रतिनिधि १ जना - सदस्य

(ङ) व्यापारी व्यवसायिहरुमध्येबाट कम्तिमा २ जना महिला, १ जना दलित र १ जना अपांगता भएका व्यक्ति पर्ने गरी बढिमा ६ जना - सदस्य

(च) स्थानीय बुद्धिजिवि समाजसेवीमध्येबाट १ जना - सदस्य

(छ) छनौट भएका व्यक्तिहरुमध्येबाट योग्यता, क्षमता र कार्यकूशलताको आधारमा १ जना उपाध्यक्ष, १ जना सचिव र १ जना कोषाध्यक्ष नियुक्त गर्ने ।

(ज) बजार क्षेत्रको व्यवस्थापन, माथि उल्लेखित आचारसंहिता र शर्तहरुको कार्यान्वयन, प्रचलित कानूनहरुको कार्यान्वयन गर्न नगरपालिका एवम् स्थानीय प्रशासनलाई सहजिकरण गर्ने, बजार क्षेत्रको फोहरमैला व्यवस्थापन एवम् उपभोक्ता हकहित र अधिकारसँग सम्बन्धित विषयहरुको कार्यान्वयन लगायतका कार्यहरु समितिले गर्नुपर्नेछ ।

(झ) समितिको पदावधि ३ वर्षको हुनेछ ।

(ञ) समितिको बैठक तथा अन्य कामकारवाही सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(ट) नगरपालिका सुरक्षा निकाय र सम्बन्धित वडा कार्यालयसँगको परामर्शमा मुख्यमुख्य बजार क्षेत्रमा बजार व्यवस्थापन समितिको गठन गर्न सकिनेछ । आवश्यकता अनुसार क्षेत्रगत/विषयगत उपसमितिहरुको समेत गठन गर्न सकिनेछ ।

## खण्ड (ख)

## सार्वजनिक सवारी तथा यातायात सम्बन्धी आचारसंहिता र शर्तहरु

(क) यातायात व्यवसायिले पालना गर्नुपर्ने आचारसंहिता र शर्तहरु

१. तोकिएको बसपार्कमा मात्र सवारी साधन राख्ने । बसपार्क बाहेक सार्वजनिक आवागमन अवरुद्ध हुने गरी सवारी साधन नराख्ने ।

२. प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालन भएका यातायात प्रा.लि.हरु अनिवार्य रुपमा नगरपालिकामा सूचिकृत हुने । प्रचलित कानून बमोजिम पञ्जिकृत भएका सवारी साधनहरुमात्र प्रयोगमा ल्याउने ।

३. सडक दूर्घटना न्यूनिकरण गर्न विशेष ध्यान दिने । यातायातका साधनहरु नियमित मर्मत गरी चुस्त अवस्थामा राख्ने । चालकलाई लाइसेन्स, ब्लुबुक, इजाजतपत्र (रुट परमिट) लगायतका कागजातहरु अनिवार्य रुपमा साथमा राख्न लगाउने ।

४. बजार क्षेत्रमा विभिन्न यातायात प्रा.लि.का टिकट काउन्टर तथा जथाभावी पार्किङका कारण सडक जाम हुने गरेको हुँदा अव्यवस्थित रुपमा रहेका टिकट काउन्टर बन्द गरी नगरपालिकाले तोकेको स्थानमामात्र टिकट काट्ने व्यवस्था मिलाउने ।

५. रुट परमिट नभएका, तेस्रो पक्ष विमा नभएका, चालकसँग सवारी चालक अनुमति नभएका सवारी साधनलाई सञ्चालनमा पूर्ण रुपमा रोक लगाउने । मादक पदार्थ सेवन गरी सवारी साधन सञ्चालन गर्ने, क्षमताभन्दा बढि यात्रु बोक्ने, तोकिएभन्दा बढि भाडा असूल गर्ने, तोकिएको स्थान बाहेक जथाभावी पार्किङ गर्ने, सवारी साधन चलाउँदा मोवाइल फोन प्रयोग गर्ने जस्ता कार्य हुन नदिन सम्बन्धित यातायात प्रा.लि.हरु स्वयं जिम्मेवार भई आवश्यक व्यवस्था मिलाउने ।

६. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विद्यार्थीहरुलाई नेपाल सरकारले तोके बमोजिम उपलब्ध गराउनुपर्ने सिट तथा भाडा सहुलियत दिने व्यवस्थालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने तथा गराउने । यातायातका साधनमा अनिवार्य रुपमा भाडादर स्पष्ट देखिने गरी टाँस्ने ।

७. सवारी साधन जुन प्रयोजनको लागि दर्ता भएको हो सोही प्रयोजनमा मात्रै प्रयोग गर्ने । निजी प्रयोजनमा दर्ता भएका (रातो नम्बर प्लेटका) सवारी साधनले सार्वजनिक साधन सरह यात्रु बोकी भाडा असूल गर्न नपाउने ।

८. कोभिड -१९ को सङ्क्रमण नियन्त्रणका लागि सार्वजनिक सवारी साधनमा तोकिएको स्वास्थ्य सुरक्षा मापदण्डहरु पूर्ण रुपमा पालना गर्ने तथा गराउने ।

**(ख) सुरक्षा निकायले पालना गर्नुपर्ने आचारसंहिता र शर्तहरु**

१. यातायात व्यवसायि, सवारी धनी, चालक तथा सहचालकले माथि उल्लेखित शर्तहरु पालना गरे/नगरेको नियमित अनुगमन तथा नियमन गर्ने । नगरेको पाइएमा कानून बमोजिम दण्ड जरिवाना गर्ने ।

२. सडक दूर्घटना न्यूनिकरणका लागि सवारी साधनको नियमित मर्मत गरी चुस्त अवस्थामा राख्न, सवारी चालकलाई लाइसेन्स, ब्लुबुक, इजाजतपत्र (रुट परमिट) लगायतका कागजात अनिवार्य रुपमा आफ्नो साथमा राख्न लगाउन एवम् ट्राफिक नियमको पालना, यात्रुमैत्री व्यवहारको प्रदर्शन एवम् सीप तथा क्षमता अभिवृद्धिको लागि यातायात व्यवसायिहरु समेतको सहभागितामा सवारी चालक तथा सहचालकहरुलाई प्रशिक्षण गर्ने ।

३. रुट परमिट नभएका, तेस्रो पक्ष विमा नभएका, चालकसँग सवारी चालक अनुमति नभएका सवारी साधनलाई सञ्चालनमा पूर्ण रुपमा रोक लगाउने । मादक पदार्थको सेवन गरी सवारी चलाउने, क्षमताभन्दा बढि यात्रु बोक्ने, तोकिएभन्दा बढि भाडा असूल गर्ने, तोकिएको स्थान बाहेक जथाभावी पार्किङ गर्ने, सवारी चलाउँदा मोवाइल फोन प्रयोग गर्ने कार्य हुन नदिन सघन रुपमा चेकजाँच गरी नियमानुसार कारवाही गर्ने ।

४. सार्वजनिक यातायातलाई भरपर्दो, विश्वसानिय र सुरक्षित तुल्याउन आवश्यक कार्य गर्ने ।

**(ग) सबै किसिमका व्यापारी/व्यवसायिहरुले पालना गर्नुपर्ने आचारसंहिता तथा शर्तहरु**

१. सडकको क्षेत्राधिकार (ROW) र सेटव्याक मिचेर आफ्नो व्यक्तिगत मालसामान, निर्माण सामग्री नराख्ने र अरुलाई पनि राख्न नदिने । सडकको क्षेत्राधिकार र सेटव्याक मिचि संरचना निर्माण नगर्ने । यसअघि निर्माण गरेको भए यो आचारसंहिता र शर्त लागू भएको मितिले सात (७) दिनभित्र त्यस्ता संरचना हटाउने ।

२. सार्वजनिक आवागमनमा अवरोध हुने किसिमले पशुपन्छी (हाँस, कुखुरा, टर्की, पशुचौपाय इत्यादी) पालन नगर्ने । सडकको क्षेत्राधिकारभित्र प्रवेश हुने अवस्था सिर्जना नगर्ने । सार्वजनिक सडकहरुमा पशुपन्छी छाडा छोडि कुनै दूर्घटना भएमा त्यसरी जथाभावी पशुपन्छी छाडा छोड्ने व्यक्ति जिम्मेवार हुनुपर्नेछ ।

साथै सार्वजनिक सडकमा छाडिएका पशुपन्छी दूर्घटना भई मरेमा वा घाइते भएमा सम्बन्धित पशुपन्छी धनीले कुनै पनि क्षतिपूर्ति दावी गर्न पाइने छैन् ।

३. सार्वजनिक सडकमा ढल, नाला एवम् पानी पस्न नदिने । सार्वजनिक सडकमा फोहरमैला नफ्याँक्ने एवम् फोहर हुने कार्य नगर्ने ।

(घ) नगरपालिकाले पालना गर्नुपर्ने आचारसंहिता तथा शर्तहरु

१. माथि उल्लेखित निर्माण व्यवसायि, सबै किसिमका व्यापारी/व्यवसायिले पालना गर्नुपर्ने आचारसंहिताको कडाईपूर्वक पालना गराउने । सोको लागि नियमित अनुगमन तथा निगरानी गर्ने ।

२. स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमन गर्ने ।

३. नगरपालिकाभरीका सडकमार्गहरुलाई वर्षैभरी सुचारु गर्न आवश्यक व्यवस्था मिलाउने । सडक मर्मत तथा स्तरोन्नतिको कार्यलाई तीब्रता दिने । सडक अवरुद्ध हुने गरी मर्मत वा स्तरोन्नतिको कार्य गर्नुपरेमा सो सम्बन्धी पूर्व सूचना प्रवाह गरी वैकल्पिक सडकको प्रयोग गर्न सम्बन्धित निर्माण व्यवसायिसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

४. बसपार्क, टिकट काउन्टर, यात्रु प्रतिक्षालय, पार्किङ स्थल, वर्कसपहरुको उचित स्थानमा व्यवस्थापन गर्ने ।

५. सडक दूर्घटना न्यूनिकरणको लागि विभिन्न स्थानमा गति सिमित बोर्ड, ट्राफिक सङ्केत, ऐना, सडक बार आदि व्यवस्थापनको लागि सम्बन्धित निकायहरुसँग समेत समन्वय गर्ने र सोको प्रवन्ध समेत गर्ने तथा गराउने ।

६. मुख्य बजारक्षेत्र तथा सडक दूर्घटना हुने जोखिमपूर्ण स्थानहरुमा CCTV/Camera राख्ने व्यवस्था मिलाउने ।

७. सार्वजनिक यातायातलाई भरपर्दो, विश्वसनिय र सुरक्षित बनाउन आवश्यक कार्य गर्ने एवम् गर्न लगाउने ।

२०६६/०८/२६